# स्थानिय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४

## १. पृष्ठभुमी

नेपालको संविधानले संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको मुल संरचना संघ, प्रदेश र स्थानिय तह गरि तीन तहको हुने तथा राज्य शक्तिको प्रयोग तीनै तहले संविधान र कानुन वमोजिम गर्ने व्यवस्था गरेको छ। संघ, प्रदेश र स्थानिय तहले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धि विषयमा कानुन वनाउने, वार्षिक वजेट वनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था समेत गरेको छ।

स्थानिय सरकार संचालन ऐन, २०७४ ले नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा स्थानिय स्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिक र विषय क्षेत्रगत मध्यकालिन तथा दिर्घकालीन योजना वनाई लागु गर्नुपर्ने व्यवस्था रहेको छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्ने, आवश्यकताको प्रक्षेपण गर्ने, राजस्व प्रक्षेपण तयार गर्ने र वित्तिय अनुशासन कायम गर्नुपर्ने व्यवस्था रहेको छ।

आवधिक योजनाले लिएका लक्ष्यहरु, मध्यकालिन खर्च संरचनाले गरेका व्यवस्थालाई स्रोत साधनसँग तालमेल गरी प्राथमिकताका साथ स्रोतको विनियोजन गर्ने काम वार्षिक विकास योजनाले गर्दछ। नेपालको संविधान र स्थानिय सरकार संचालन ऐन, २०७४ ले स्थानिय तहको योजना प्रक्रिया सन्दर्भमा अगाडि सारेका विषय वस्तुहरुलाई मुर्त रुप दिन तथा एकरुपता कायम गर्न स्थानिय तह वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ तयार गरिएको छ

## २. वार्षिक योजना तथा वजेट तर्जुमाका आधारहरु

नगरपालिकाले वार्षिक योजना तथा तर्जुमा र कार्यान्वयन गर्दा निम्न विषयलाई आधार लिनु पर्नेछ।

क) नेपालको संविधान

ख) स्थानिय सरकार संचालन ऐन, २०७४

ग) राष्टिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

घ) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

ङ) संघिय र प्रदेश सरकारले जारी गरेका नीति, कानुन तथा मापदण्डहरु

च) स्थानिय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका, २०७४

छ) संघिय, प्रादेशिक र स्थानिय तहको आवधिक विकास योजना

ज) स्थानिय तहको मध्यकालिन खर्च संरचना

झ) स्रोत साधन

ञ) विकासका अन्तरसम्बन्धित विषयहरु

ट) नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताबाट सिर्जित दायित्वहरु संघ र प्रदेश सरकारले अवलम्बन गरेका अन्य आर्थिक नीतिहरु आदि।

## ३. वार्षिक योजना तथा वजेटका प्राथमिकताहरु

नगरपालिकाले वार्षिक योजना तथा वजेट तर्जुमा गर्दा निम्न विषयलाई प्राथमिकता दिनु पर्नेछ।

क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,

ख) उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,

ग) जनताको जीवनस्तर, आम्दानी र रोजगारी वढ्ने,

घ) स्थानिय सहभागिता जुट्ने, स्वयम सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने ,

ङ) स्थानिय स्रोत साधन र सिपको अधिकतम प्रयोग हुने,

च) महिला, वालबालिका तथा पिछडिएको क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

छ) लैङ्गिक समानता र सामाजिक समावेशिकरण अभिबृद्धि हुने,

ज) दिगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धन गर्न सहयोग पुऱ्याउने,

झ) भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सदभाव तथा एकता अभिबृद्धिमा सघाउ पुऱ्याउने,

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

ञ) स्थानिय तहले आवश्यक देखेका अन्य विषयहरु ।

**४. वार्षिक विकास योजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने विषयहरु**

नगरपालिकाले वार्षिक योजना तथा वजेट तर्जुमा गर्दा निम्न विषयहरुमा ध्यान दिनु पर्नेछ ।

क) संघ र प्रदेश सरकारको नीति, लक्ष्य, उद्धेश्य, सीमा र प्रक्रियासँग अनुकुल हुने,

ख) आवधिक विकास योजना र मध्यकालिन खर्च संरचना अनुसार प्राथमिकताका विषयहरु,

ग) वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुल, विपद व्यवस्थापन,

घ) सुशासन, लैङ्गिक तथा सामाजिक समावेशिकरण र लक्षित वर्गको सशक्तिकरण गर्ने जस्ता विकासका अन्तरसम्बन्धित विषयहरु,

ङ) समाजका सवै वर्ग, क्षेत्र र समुदायको अधिकतम सहभागिता सुनिश्चित गर्ने विषयहरु,

च) अन्तर स्थानिय तहको योजना कार्यान्वयनमा सघाउ पुर्‍याउने ,

छ) विषय क्षेत्रगत तथा भौगलिक सन्तुलन कायम गर्ने पक्षहरु ।

**५. योजना तर्जुमाका चरणहरु**

नगरपालिकाले आफ्नो वार्षिक योजना तर्जुमा गर्दा तपशिल बमोजिमको प्रक्रिया पुरा गर्नुपर्नेछ ।

## ५.१ वजेटको पूर्वतयारी

**५.१.१ आय व्ययको प्रक्षेपण गरिएको तथ्यांक सहितको विवरण संघिय सरकारमा पेश गर्ने**

नगरपालिकाले आगामी आर्थिक वर्षको लागि आवश्यक पर्ने आय व्ययको प्रक्षेपन गरिएको तथ्यांक सहितको विवरण राजस्व परामर्श समितिको सिफारिसमा कार्यपालिकाबाट निर्णय गरी प्रत्येक वर्षको पुष मसान्त भित्र संघिय अर्थ मन्त्रालयमा अनुसुची १ बमोजिमको ढाँचामा पठाउनुपर्नेछ ।

**५.१.२. संघ र प्रदेशबाट वजेटको सिमा प्राप्त गर्ने**

संघिय सरकारबाट राजस्व बाँडफाड र वित्तिय समानिकरण अनुदान वापत स्थानिय तहलाई आगामि आर्थिक वर्षमा उपलब्ध हुने श्रोतको विवरण फागुन मसान्त भित्र तथा प्रदेश सरकारबाट स्थानिय तहको लागि आगामी आ.व.मा प्राप्त हुने वित्तिय अनुदानको अनुमानित विवरण चैत्र मसान्त भित्र प्राप्त गर्ने ।

**५.१.३. विषयगत क्षेत्र छुट्याउने :**

नगरपालिकाले आफ्नो क्षेत्रभित्र संचालन गर्ने विकास क्रियाकलापहरुलाई निम्न अनुसार विषयगत क्षेत्र तोकी कार्यपालिकाका सदस्यहरुलाई विषय क्षेत्रगत जिम्मेवारी दिनु पर्नेछ ।

**क) आर्थिक विकास** : यस क्षेत्र अन्तर्गत कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सरकारी, वित्तिय व्यवस्था जस्ता क्षेत्र समावेश गर्ने ।

**ख) सामाजिक विकास** : शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रर्वद्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण-महिला, दलित, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, दलित, आदिवासि जनजाती, मधेसी, मुस्लिम, थारु, अल्पसंख्यक आदि जस्ता क्षेत्र समावेश गर्ने ।

**ग) पूर्वाधार विकास** : सडक तथा पुल (झोलुंगे पुल समेत), सिचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, सञ्चार जस्ता क्षेत्र समावेश गर्ने ।

**घ) वन, वातावरण तथा विपद व्यवस्थापन** : वन तथा भूसंरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापन, वारुन यन्त्र सञ्चालन जस्ता क्षेत्र समावेश गर्ने ।

**ङ) सुशासन तथा संस्थागत विकास** : मानव विकास संसाधन, संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तिय व्यवस्थापन, वित्तिय जोखिम न्युनिकरण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, आन्तरिक तथा अन्तिम लेखापरिक्षण, बेरुजु फछ्र्यौट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतिय सुचना प्रविधिको प्रयोग, नागरिक सन्तुष्टि सर्वेक्षण र अन्तरनिकाय समन्वय जस्ता क्षेत्र समावेश गर्ने ।

## ५.२. स्रोत अनुमान तथा वजेट सिमा निर्धारण

**५.२.१ स्थानिय राजस्व परामर्श समिति**

नेपालको संविधान, स्थानिय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित कानुनको अधिनमा रहि स्थानिय तहले आफ्नो कार्य क्षेत्रभित्र परिचालन गर्न सक्ने राजस्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरि आगामी आर्थिक वर्षमा प्राप्त हुनसक्ने राजस्वको अनुमान गर्ने प्रयोजनका लागि देहाय वमोजिमको एक स्थानिय राजस्व परामर्श समिति गठन गर्नुपर्नेछ ।

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

क) उपप्रमुख संयोजक
ख) प्रमुख प्रशासकिय अधिकृत सदस्य
ग) कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य मध्येबाट १ जना महिला सहित २ जना सदस्य
सदस्य
घ) निजि क्षेत्रको उद्योग वाणिज्य सम्बन्धि मान्यता प्राप्त संस्थाको नगरतहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि
सदस्य
ङ) घरेलु तथा साना उद्योग सम्बन्धि मान्यता प्राप्त संस्थाको नगर तहको अध्यक्ष तथा वा निजले तोकेको प्रतिनिधि
सदस्य
च) कार्यपालिकाको राजस्व महाशाखा/विभाग वा शाखा प्रमुख सदस्य सचिव

राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) राजस्व सम्बन्धि नीति वा कानुनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाको सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने।
(परामर्श दिदाँ कर वा गैरकर राजस्वको प्रस्ताव गर्दा वा भैरहेको कर वा गैरकर राजस्व परिवर्तन गर्नुपर्दा त्यसको औचित्य तथा त्यसबाट पर्ने प्रभाव समेत उल्लेख गरी प्रस्ताव तयार गर्ने। साथै संघीय सरकार, अन्य प्रदेश वा स्थानिय तहले लगाएका कर वा गैरकर र त्यसका दरसँग यथासम्भव तादम्य हुनेगरि गर्नु पर्ने।)
ख) राजस्वको स्रोत दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने,
ग) राजस्वको दर र क्षेत्र लगाएतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने,
घ) स्थानिय उद्योग तथा व्यवसाय प्रर्वद्धन र रोजगारि सिर्जनामा योगदान दिने किसिमको कर नीतिको सम्बन्धमा परामर्श दिने,
ङ) कर राजस्व गैरकर राजस्व, सेवा शुल्क, दस्तुर सम्बन्धमा परामर्श दिने,
च) राजस्व प्रशासन सुधारको लागि अन्य आवश्यक परामर्श दिने।

स्थानिय राजस्व परामर्श समितिले राजश्व प्रक्षेपण गरी अनुसुची २ बमोजिमको ढाँचामा प्रत्येक वर्षको पौष १५ गते भित्र सम्बन्धित तहको कार्यपालिकामा पेश गरी सक्नुपर्नेछ।

**५.२.२ स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति**

**५.२.२.१ नगरपालिकामा प्राप्त हुन आन्तरिक आय, राजस्व वाँडफाडबाट प्राप्त हुने रकम, अनुदान,** ऋण र अन्य आयको प्रक्षेपन र सोको सन्तुलित वितरणको खाका तथा वजेट सिमा निर्धारण गर्न देहाय बमोजिमको स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति रहनेछ।

क) प्रमुख संयोजक
ख) उपप्रममुख सदस्य
ग) कार्यपालिकाका सदस्यहरुमध्ये महिला, दलित वा अल्पसंख्यक समेतको प्रतिनिधित्व हुनेगरी प्रमुखले तोकेको चारजना सदस्य
घ) प्रमुख प्रशासकिय अधिकृत सदस्य

समितिले आवश्यकता अनुसार सम्बन्धित कर्मचारी र विषय विज्ञलाई समितिको वैठकमा आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ।

५.२.२.२ खण्ड (ग) बमोजिम सदस्य तोक्दा प्रमुखले आफु सम्बद्ध राजनीतिक दल बाहेकको राजनीति दलको सदस्य समेतलाई तोक्नुपर्नेछ। तर कार्यपालिकामा अन्य राजनीतिक दलको प्रतिनिधित्व नभएको हकमा यो व्यवस्था लागु हुने छैन।

**५.२.२.३ श्रोत अनुमान तथा वजेट निर्धारण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ**

क) आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण गर्ने
ख) राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानिय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपीत स्रोत र साधनको सन्तुलित वितरणको खाका तयार गर्ने,
ग) आगामी आर्थिक वर्षको स्रोत अनुमानको आधारमा वजेटको कुल सिमा निर्धारण गर्ने



आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

घ) विषय क्षेत्रगत सिमा निर्धारण गर्ने

ङ) नेपाल सरकार तथा प्रदेश सरकार बाट प्राप्त मार्गदर्शन, स्थानिय आर्थिक अवस्था, आन्तरिक आयको अवस्था समेतको आधारमा वजेट तथा कार्यक्रम प्राथमिकरणको आधारमा तय गर्ने

च) विषय क्षेत्रगत तर्जुमा सम्बन्धित मार्गदर्शन तय गर्ने

छ) स्रोत अनुमान तथा वजेट सिमा निर्धारण सम्बन्धमा स्थानिय तहको आवश्यकता र निर्णय बमोजिमका अन्य कार्यहरु गर्ने

समितिले आफ्नो कार्य प्रत्येक वर्षको वैशाख १० गते भित्र सम्पन्न गरिसक्नुपर्नेछ । यसरी तयार भएको आगामी आर्थिक वर्षको वजेट सिमा प्रत्येक वैशाख १५ गतेभित्र प्रमुख प्रशासकिय अधिकृतले नगरपालिकाका विषयगत महाशाखा/शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्नेछ ।

### ५.२.३ वजेट सिमा निर्धारण गर्ने विधि

नगरपालिकाको बजेट सिमाको निर्धारण गर्दा देहायबमोजिको प्राथमिकताको आधारमा गर्नुपर्नेछ :

क) नगरपालिका स्तरका गौरवका आयोजनाका लागि आवश्यक रकम ,

ख) समपुरक कोष आवश्यक पर्ने आयोजनाका लागि चाहिने रकम ,

ग) सर्शत अनुदाको कार्यक्रमका लगि तोकिएको रकम

घ) दिगो विकासको लक्ष्य लगायत राष्ट्रिय अन्तराष्ट्रिय प्रतिवद्धताको लागि आवश्यक पर्ने रकम,

ङ) स्थानिय सरकार सञ्चालन ऐन बमोजिम नगरपालिका आफैले गर्नुपर्ने अत्यावश्यक कार्यहरु

च) माथि उल्लेखित क्षेत्रलाई आवश्यक रकम विनियोजित गरिसकेपछि मात्र बाँकी रकम जनसंख्या, क्षेत्रफल, मानव विकासको अवस्था, पूर्वाधार विकासको अवस्था, विकास लागत, राजस्व परिचालनको अवस्था र लागत सहभागितको अवस्था जस्ता विषयलाई आधार मानी वडागत खर्चको आवश्यकता र औचित्यको आधारमा वडागत वजेटको सिमा निर्धारण गर्नुपर्नेछ । तर वडामा दामासाही तरिकाले वजेट विनियोजन गर्न पाइने छैन ।

छ) वजेट सिमा निर्धारण गर्दा स्थानिय तहमा रहेको सामाजिक तथा साँस्कुतिक विविधतालाई आधार मानि यस्ता क्षेत्रको सशक्तिकरणका लागि आवश्यक पर्ने रकमको सिमा समेत निर्धारण गर्नुपर्नेछ ।

ज) नगरपालिकाको कुल वजेट सिमाबाट तलव भत्ता तथा कार्यालय संचालनको लागि आवश्यक पर्ने वजेट छुट्याई अन्य कार्यक्रमको लागि वजेट सिमा निर्धारण गर्नुपर्नेछ । यसरी प्रशासनिक खर्चको लागि वजेट सिमा निर्धारण गर्दा राजस्व बाँडफाँडबाट प्राप्त रकम र आन्तरिक आयको रकम भन्दा बढि नहुने गरि गर्नुपर्नेछ ।

## ५.३ वस्ती तहका योजना छनौट गर्दा निम्नानुसार गर्नुपर्नेछ ।

क) वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यलाई विभिन्न वस्ती टोलको योजना तर्जुमा गर्न सहजिकरण गर्ने गरी जिम्मेवारी प्रदान गर्नुपर्नेछ ।

ख) प्रत्येक वडाले वडा भित्रका वस्तीहरुमा योजना तर्जुमाको लागि वैठक हुने दिन मिति र समय कम्तिमा तीन दिन अगावै सार्वजनिक सुचना मार्फत जानकारी गराउनुपर्नेछ ।

ग) वस्तीहरुका योजना छनौट गर्दा सो वस्ती भित्रका सवै वर्ग र समुदाय (महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम, उत्पिडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सिमान्तकृत, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, पिछडिएको वर्ग आदि) को प्रतिनिधित्व सुनिश्चिता गर्नुपर्नेछ ।

घ) टोल/वस्तीहरुमा हुने आयोजना तर्जुमा प्रक्रिया टोल वस्तीभित्रका क्रियाशिल सामुदायिक संस्थाहरु(टोल विकास संस्था, आमा समुह, वाल क्लव/सञ्जाल, युवा क्लव, नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समुह जस्ता समुहहरु) लाई पनि सहभागि गराउनुपर्नेछ ।

माथि उल्लेखित भए बमोजिमका सरोकारवालाहरुको आधिकारीक सहभागिता हुने गरी वडा सदस्यको संयोजनमा निर्धारित समय, मिति, र स्थानमा उपस्थित भै योजना छनौटको सम्बन्धमा अन्तरक्रिया ,छलफल, विमर्श गरी योजनाहरुको छनौट गर्नुपर्नेछ । यसरी छनौट भएका योजनाहरुको सुची संयोजकले लिखित रुपमा वडा समितिमा पठाउनुपर्नेछ ।

## ५.४ वडा तहमा योजनाको छनौट तथा प्राथमिकिकरण

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिबाट प्राप्त वजेट सिमा र मार्गदर्शनको आधारमा सम्बन्धित वडाहरुले वस्ती टोलबाट प्राप्त योजनाहरु मध्येबाट वडाको लागि प्राप्त वजेट सिमाको अधिनमा रहि योजनाहरुको छनौट र प्राथमिकता निर्धारण समेत गरी अनुसुची ४ बमोजिमको ढाँचामा वजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्नुपर्नेछ ।

वस्ती टोलहरुबाट आयोजना माग गर्दा वडास्तरका महत्वपुर्ण योजनाहरु छुट भएको अवस्थामा वडा समितिले त्यस्ता योजनाहरु वडा समितिको वजेट सिमाभित्र रहि औचित्यताको आधारमा समावेश गर्न सकिनेछ । वडाको वजेट सिमाभित्र कार्यान्वयन हुन नसक्ने नगरस्तरिय महत्वपुर्ण आयोजनाहरु भएमा वडा समितिले नगरपालिकामा छुट्टै सुची पठाउन सक्नेछ ।

वडा समितिले आयोजनाको प्राथमिकिकरण गर्दा स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिले तोकेको आधारहरु बमोजिम गर्नुपर्नेछ ।

## ५.५ वजेट तथा कार्यक्रम तर्जुमा

५.५.१ वजेट तथा कार्यक्रम तर्जुमा समितिको गठन

श्रोत तथा वजेट सिमा निर्धारण समितिबाट निर्धारण भएको आयको प्रक्षेपण, वितरणको खाका र वजेटको सिमामा आधारित भै स्थानिय तहको वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्न देहाय बमोजिमको वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्नेछ ।

क) उपप्रमुख संयोजक
ख) विषयगत क्षेत्र हेर्ने नगर कार्यपालिकाका सदस्यहरु सदस्य
ग) प्रमुख प्रशासकिय अधिकृत सदस्य
घ) योजना महाशाखा विभाग वा शाखा प्रमुख सदस्य

**५.५.२ यस समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क) आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने,

ख) स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिले दिएको वजेट सिमा भित्र रहि वजेट तथा कार्यक्रमको प्राथमिकिकरण गर्ने,

ग) वजेट तथा कार्यक्रम प्रस्तावलाई विषय क्षेत्रगत रुपमा छलफल गर्ने व्यवस्था मिलाई अन्तिम प्रस्ताव तयार गरी कार्यपालिकामा पेश गर्ने,

घ) योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने तथा योजना कार्यक्रम विच आपसी तादम्यता तथा परिपुरकता कायम गर्ने,

ङ) वजेट तथा कार्यक्रम सम्बन्धि र स्थानिय तहको आवश्यकता बमोजिम अन्य कार्यहरु गर्ने ।

**५.५.३ विषयगत योजना प्राथमिकिकरण**

वजेट तथा कार्यक्रम समितिले वडाबाट प्राप्त योजनाहरुलाई स्थानिय तहको आवधिक योजना, क्षेत्रगत नीतिहरु तथा स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिले तयार गरेको आयोजना प्राथमिकीकरण आधार तथा मार्गनिर्देशन बमोजिम योजनाहरुलाई विषयगत समितिहरुमा छलफल गराई विषयगत रुपमा प्राथमिकिकरण गर्ने व्यवस्था मिलाउने ।

**५.१.३. मा व्यवस्था भएबमोजिमका देहाय बमोजिमका प्रत्येक क्षेत्रहरुमा गठन हुने विषयगत समितिमा निम्नानुसार सदस्य रहनेछन ।**

क) विषयक्षेत्र हेर्ने कार्यपालिकाको सदस्य संयोजक
ख) कार्यपालिकाले तोकेको कम्तिमा एकजना महिला सहित दुईजना कार्यपालिकाका सदस्य सदस्य
ग) सम्बन्धित विभाग /महाशाखा/शाखा प्रमुख सदस्य सचिव

सम्बन्धित क्षेत्रमा एक भन्दा बढि शाखाहरु रहेको अवस्थामा कार्यपालिकाले कुनै एकजना शाखा प्रमुखलाई सदस्य सचिव तोकी अन्य शाखा प्रमुखलाई सदस्यको रुपमा सहभागि गराउनुपर्नेछ ।

**५.५.३ वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा**

विषयगत रुपमा प्राथमिकीकरण सहित पेश भएका योजनाहरुलाई वजेट तथा कार्यक्रम तर्जुमा समितिले कार्यक्रममा दोहोरो नपर्ने गरी देहाय बमोजिम योजनाको प्राथमिकिकरण र वजेट तर्जुमा गर्नुपर्नेछ ।

क) स्थानिय तहको आवधिक योजनाको सोच, लक्ष्य ,उद्धेश्य , रणनीति

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

ख) स्थानिय तहको मध्यमकालिन खर्च संरचना
ग) वजेट तथा कार्यक्रम समितिबाट प्राप्त वजेट सिमा, मार्गदर्शन र योजना प्राथमिकिकरणका आधारहरु
घ) विषयगत समितिबाट प्राथमिकिकरण भै नआएका तर नगरपालिका स्तरका महत्वपुर्ण आयोजनाहरु (५.२.३ क, ख, ग, घ, ङ बमोजिमका योजनाहरु) छनौट गर्नुपर्ने भएमा स्पस्ट आधार र औचित्य समेतको आधारमा वजेटको सुनिश्चिता हुनेगरी त्यस्ता योजना समावेश गर्न सकिनेछ ।)
ङ) स्थानिय तहको स्रोत साधनले मात्र योजना सम्पन्न गर्न सम्भव नभएका तर स्थानिय तहका अत्यावश्यक र तोकिएको मापदण्ड पुरा गरेका योजनाहरुलाई समपुरक अनुदानबाट सञ्चालन गर्नको लागि प्रस्ताव गर्न सकिनेछ । वजेट तर्जुमा समितिले तयार गरेको वार्षिक वजेट तथा कार्यक्रमको मस्यौदा अनुसुची ५ बमोजिमको ढाँचामा असार ५ गते भित्र प्रमुख मार्फत कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ । वार्षिक वजेट तथा कार्यक्रमको मस्यौदा पेश गर्दा आर्थिक विधेयक अनुसुची ६ बमोजिमको ढाँचामा र विनियोजन विधेयक अनुसुची ७ बमोजिमको ढाँचामा समेत पेश गर्नुपर्नेछ ।

## ५.६ नगर कार्यपालिकाबाट वजेट तथा कार्यक्रम स्वीकृति

वजेट तथा कार्यक्रम तर्जुमा समितिले पेश गरेको आगामी आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रम राजस्व र व्ययको अनुमान (वार्षिक वजेट) नगर कार्यपालिकाबाट स्वीकृत गरी सभामा प्रस्तुत गर्नुपर्नेछ ।

## ५.७ नगर सभाबाट वजेट तथा कार्यक्रम स्वीकृति

### ५.७.१ वजेट तथा कार्यक्रम प्रस्तुती:

नगर कार्यपालिकाबाट स्वीकृत भएको वार्षिक वजेट तथा कार्यक्रम उपप्रमुख वा निजको असमर्थतामा कार्यपालिकाले तोकको कार्यपालिकाको कुनै सदस्य मार्फत असार १० गतेभित्र नगरसभामा प्रस्तुत गरी सक्नुपर्नेछ । वार्षिक वजेट पेश गर्दा आर्थिक वर्षको राजस्व र व्ययको यथार्थ विवरण, चालु आर्थिक वर्षको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम, आयव्ययको अनुमानित विवरण, मध्यमकालिन खर्च संरचना समेतको विवरण खुलाउनुपर्नेछ ।

### ५.७.२ वजेट तथा कार्यक्रम स्वीकृती :

नगरसभामा प्रस्तुत भएको आगामी आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रम, राजस्व र व्ययको अनुमान(वार्षिक वजेट) सभामा पेश भएको १५ दिनभित्र छलफलको काम सम्पन्न गर्ने गरी कार्यतालिका बनाउनुपर्नेछ ।
ख) सभामा छलफल सम्पन्न भएपछि सभाले वजेट पारित गर्ने वा सुझाव सहित कार्यपालिकामा फिर्ता पठाउन सक्नेछ ।
ग) सुझाव सहित प्राप्त भएको वजेट उपर कार्यपालिकाले पुर्नविचार गरी आवश्यक परिमार्जन सहित वा परिमार्जन गर्नुपर्ने नदेखिएमा कारण सहित ५ दिनभित्र पुन: सभामा पेश गर्नुपर्नेछ ।
घ) कार्यपालिकाबाट पुन: पेश भएको वजेट तथा कार्यक्रम अनुसार असार मसान्त भित्र सम्बन्धित सभाले पारित गरिसक्नुपर्नेछ ।
ङ) सभाले स्वीकृत गरेको वार्षिक वजेट तथा कार्यक्रम श्रावन १५ भित्र सर्वसाधारणको जानकारीका लागि प्रकाशित गर्नुपर्नेछ । साथै सम्बन्धित नगरपालिकाको वेवसाईटमा समेत प्रकाशन गर्नुपर्नेछ ।

## ६. योजना कार्यान्वयन

क) नगरसभाले पारित गरेको वार्षिक वजेट तथा कार्यक्रम कार्यन्वयनको लागि सम्बन्धित नगरपालिकाका प्रमुखले ७ दिनभित्र प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्नेछ ।
ख) अख्तियारी प्राप्त भएको १५ दिनभित्र प्रमुख प्रशासकिय अधिकृतले अनुसुची ८ बमोजिमको ढाँचामा कार्यक्रम स्वीकृत गरी सम्बन्धित विभाग/महाशाखा/शाखा/इकाइ प्रमुख र वडा सचीवलाई लिखित रुपमा योजना कार्यान्वयनको जिम्मा दिनुपर्नेछ ।
ग) योजना कार्यन्वयनको जिम्मा प्राप्त भएको मितिले ७ दिनभित्र सम्बन्धित विभाग/महाशाखा/शाखा/इकाइ प्रमुख र वडा सचीवले कार्यक्रम कार्यान्वयनको तालिका प्रमुख प्रशासकिय अधिकृत समक्ष पेश गर्नुपर्नेछ ।
घ) विभाग/महाशाखा/शाखा/इकाइ प्रमुख र वडा सचीवबाट पेश भएको कार्यान्वयन कार्ययोजनामा प्राविधिक क्षमता, योजनाको संवेदनशिलता, कार्यान्वयन प्राथमिकिकरण, नगद प्रवाहको अवस्था समेतको आधारमा कुनै

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

संशोधन गर्नुपर्ने देखिएमा प्रमुख प्रशासकिय अधिकृते सुझाव दिनसक्नेछ । यसरी प्राप्त भएको सुझाव समेतको आधारमा सम्बन्धित निकायले कार्यान्वयन कार्ययोजनामा संशोधन गरी ५ दिनभित्र पुन: पेश गर्नु पर्नेछ ।

ङ) सवै विभाग/महाशाखा/शाखा/इकाइ प्रमुख र वडा सचीवबाट प्राप्त कार्ययोजनालाई प्रमुख प्रशासकिय अधिकृतले एकत्रित गरी एकीकृत कार्यान्वयन कार्ययोजना कार्यपालिका समक्ष पेश गर्नुपनेछ ।

**६.१ योजना कार्यान्वयन विधि**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, खरिद नियमावली, आर्थिक कार्यविधि ऐन तथा नियमावली र स्थानिय तहहरुले संविधान तथा अन्य प्रचलित कानुनको अधिकार क्षेत्र भित्र रहि निर्माण गरेका ऐन नियम अनुसार कार्यान्वयन गर्नु पर्नेछ । नगरपालिकाले आर्थिक वर्ष सुरु भएको एक महिना भित्र आफ्नो वार्षिक खरिद योजना र गुरुयोजना स्वीकृत गरि सो अनुरुप खरिद कार्यको व्यवस्थापन गर्नुपर्नेछ ।

**६.२ अनुगमन तथा सुपरिवेक्षण समिति**

**६.२.१ अनुगमन तथा सुपरिवेक्षण समितिको गठन**

नगरपालिकाबाट सञ्चालित योजनाको लागत, परिमाण, समय, सिमा र गुणस्तरियताको आधारमा अनुगमण गरि आवश्यक पृष्ठपोषण दिनको लागि निम्नानुसारको अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्नुपर्नेछ ।

क) उपप्रमुख संयोजक

ख) प्रमख वा प्रमुखले तोकेको एकजना महिलासहित कार्यपालिका सदस्य मध्येवाट दुईजना सदस्य सदस्य

ग) प्रमुख प्रशासकिय अधिकृत सदस्य

घ) प्रमुख, योजना विभाग महाशाखा शाखा र इकाई सदस्य सचिव

उक्त समितिमा आवश्यकता अनुसार कार्यपालिकाका अन्य सदस्य तथा विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

**६.२.२ अनुगमन तथा सुपरिवेक्षण विधि:**

क) कार्यपालिकामा एकीकृत कार्यान्वय कार्ययोजना पेश गरेको १५ दिनभित्र अनुगमन तथा सुपरिवेक्षण समितिले वार्षिक अनुगमन कार्ययोजना वनाई कार्यान्वयन गर्नुपर्नेछ ।

ख) अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको कामको प्रतिवेदन प्रत्येक २ महिनामा पेश गरी कार्यपालिकाको वैठकमा छलफल गर्नुपर्नेछ ।

ग) कार्यपालिकाले अनुगमन तथा सुपरिवेक्षण समितिको प्रतिवेदन समेतको आधारमा योजना कार्यान्वयनमा देखिएका त्रुटिहरु सच्याउन तथा समय र गुणस्तर कायम गर्न सम्बन्धित पक्ष (उपभोक्ता समिति, निर्माण व्यावसायी, परामर्शदाता तथा कर्मचारी) लाई आवश्यक निर्देशन दिनुपर्नेछ । अनुगमन तथा सुपरिवेक्षण समितिले दिएको निर्देशन पालना गर्नु सम्बन्धित पक्षको जिम्मेवारी हुनेछ ।

**६.२.३ वडास्तरीय अनुगमन समिति**

आफ्नो वडाभित्र सञ्चालित योजनाको लागत, परिमाण, समय, सीमा र गुणस्तरियताका आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनको लागि निम्नानुसारको वडास्तरीय अनुगमन समिति गठन गर्नुपर्नेछ ।

क) सम्बन्धित वडाको वडा अध्यक्ष संयोजक

ख) वडा सदस्यहरु सदस्य

ग) वडा सचिव सदस्य सचीव

उक्त समितिमा आवश्यकता अनुसार अन्य कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ । समितिले अनुगमन गर्दा देखिएका विषयका सम्बन्धमा अनुगमन तथा सुपरिवेक्षण समितिलाई नियमित रुपमा जानकारी गराउनुपर्नेछ ।

**६.२.४ आयोजनाहरुको मुल्यांकन**

नगरपालिकाले १० करोड भन्दा वढि लागतका आयोजना सम्पन्न भएको २ वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मुल्यांकन गराउनुपर्नेछ ।

**६.३. स:शर्त, विशेष र समपुरक अनुदानबाट सञ्चालित योजना कार्यान्वयन**

संघ तथा प्रदेश सरकारबाट नगरपालिका मार्फत सञ्चालन गर्ने स:शर्त, विशेष र समपुरक अनुदानका आयोजनाहरुको कार्यान्वयन सम्बन्धित तहबाट प्राप्त मार्गदर्शन बमोजिम हुनेछ ।

**६.४ योजनाको भुक्तानी प्रकृया**

नगरपालिकाबाट सञ्चालित योजनाको कार्यसम्पन्न प्रतिवेदन, रनिंग विल भरपाई, सार्वजनिक परिक्षण प्रतिवेदन र नियमअनुसार पेश गर्नुपर्ने अन्य आवश्यक कागजातको आधारमा रकम भुक्तानी गर्नुपर्नेछ ।



आठविसकोट नगरपालिका, रुकुम(पश्चिम)

## ७. लागत साझेदारीमा आयोजना कार्यान्वयन

संघीय सरकार, प्रदेश सरकारले स्थानिय तहलाई पूर्वाधार विकास सम्बन्धि कुनै योजना कार्यान्वयनगर्न समपुरक अनुदान प्रदान गर्न सक्नेछ । समपुरक अनुदानका आधारहरु देहाय बमोजिम हुनेछन ।

क) आयोजनाको आवश्यकता र प्राथमिकता

ख) आयोजनाको सम्भाव्यता

ग) आयोजनाको लागत

घ) आयोजना कार्यान्वयनगर्नको लागि आवश्यक लागत साझेदारी

ङ) आयोजना बाट प्राप्त हुने प्रतिफल वा लाभ

च) आयोजना कार्यन्वयनको लागि आवश्यक प्राविधिक क्षमता

समपुरक अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था नेपाल सरकारले निर्धारण गरेबमोजिम हुनेछ

## ८. विविध

### ८.१ स्थानिय तहले ऋण लिन सक्ने :

नगरपालिकाले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसको सिमाभित्र रहि सम्बन्धित सभाबाट स्वीकृत हुनेगरी उत्पादनशिल, रोजगारीमुलक, आन्तरिक आय बृद्धि तथा पुँजीगत कार्यको लागि आन्तरिक ऋण लिन सक्नेछन । त्यस्तो ऋणको अवधि अधिकतम २५ वर्षको हुनेछ ।

नेपाल सरकार बाट प्राप्त भएको ऋण वा नेपाल सरकार जमानी भइ लिएको ऋण सम्बन्धित नगरपालिकाले निर्धारित समयमा चुक्ता नगरेमा नेपाल सरकारले त्यस्तो नगरपालिकालाई उपलब्ध गराउने अनुदानबाट कट्टा गरि सो रकम प्राप्त गर्ने वा ऋण भुक्तानी गरिदिनेछ ।

### ८.२ वस्तुगत विवरण तयार गर्नुपर्ने

नगरपालिकाले वार्षिक योजना र वजेट तर्जुमा गर्नुपुर्व स्थानिय तहको भौगलिक, सामाजिक, आर्थिक तथा पुर्वाधार लगाएतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी वस्तुगत विवरण तयार वा अद्यावधिक गर्नु पर्नेछ । अद्यावधिक वस्तुगत विवरण आफ्ना वेभसाइट मार्फत सार्वजनिक गर्नुपर्नेछ ।

आठविसकोट नगरपालिका, रुकुम(पश्चिम)

# आय व्ययको प्रक्षेण

## आ.व.२०७५/७६

अनुसूची-१

रु. हजारमा

| शीर्षक | | आ.व. 207२/७३ को यथार्थ | आ.व. 2073/७४ को संशोधित अनुमान | आ.व. 207४/७५ को अनुमान |
|---|---|---|---|---|
| **आयः** | | | | |
| **१** | **राजस्वः** | | | |
| १.१ | आन्तरिक राजस्व | | | |
| १.२ | सम्पत्ती कर | | | |
| १.३ | घरबहाल कर | | | |
| १.४ | घरजग्गा रजिष्ट्रेशन शुल्क | | | |
| १.५ | सवारी साधन कर | | | |
| १.६ | सेवा शुल्क (स्थानीय पूर्वाधार तथा सेवा उपयोगमा) | | | |
| १.७ | दस्तुर (स्थानीय तहबाट हुने सिफारिस लगायतमा) | | | |
| १.८ | पर्यटन शुल्क | | | |
| १.९ | विज्ञापन कर | | | |
| २. | व्यवसाय कर | | | |
| २.१ | भूमिकर (मालपोत) | | | |
| २.२ | दण्ड जरिवाना | | | |
| २.३ | मनोरञ्जन कर | | | |
| २.४ | मालपोत संकलन | | | |
| २.५ | बहाल विटौरी घर जग्गा कर | | | |
| २.६ | मृत वा मारिएका जीव जन्तुको हाड, सिंग, प्वाँख, छालामा कर | | | |

| | | | | |
|---|---|---|---|---|
| २.७ | प्राकृतिक स्रोत साधन व्यवसायिक कर | | | |
| २.८ | शेयर लगानीबाट प्राप्त लाभांश तथा पूँजिगत लाभ आय | | | |
| २.९ | ऋण लगानीबाट प्राप्त व्याज आय | | | |
| ३. | अन्य | | | |
| २ | राजस्व बाँडफाँडबाट प्राप्त रकम | | | |
| २.१ | मूल्य अभिवृद्दि कर तथा अन्तशुल्क | | | |
| २.२ | प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी | | | |
| २.३ | पर्वतारोहन | | | |
| २.४ | विद्युत | | | |
| २.५ | वन | | | |
| २.६ | खानी तथा खनिज | | | |
| २.७ | पानी तथा अन्य प्राकृतिक स्रोत | | | |
| २.८ | अन्य आय | | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | |
| **३.१** | नेपाल सरकारबाट प्राप्त हुने अनुदान | | | |
| ३.१.१ | **वित्तीय समानिकरण अनुदान** | | | |
| **3.१.२** | **सशर्त अनुदान** | | | |
| ३.१.३ | **समपूरक अनुदान** | | | |
| **3.१.४** | **विशेष अनुदान** | | | |
| ३.२ | प्रदेश सरकारबाट प्राप्त हुने अनुदान | | | |
| ३.२.१ | **वित्तीय समानिकरण अनुदान** | | | |
| ३.२.२ | **सशर्त अनुदान** | | | |
| ३.२.३ | **समपूरक अनुदान** | | | |
| ३.२.४ | **विशेष अनुदान** | | | |
| ४ | वित्तिय व्यवस्था प्राप्ति | | | |
| ५ | अन्तर स्थानीय तह साझेदारी | | | |
| ६ | अन्य | | | |

| | | | | |
|---|---|---|---|---|
| | **जनसहभागिताः** | | | |
| | नगद सहभागिता | | | |
| | श्रम तथा वस्तुगत सहायता | | | |
| **व्ययः** | | | | |
| १ | चालु खर्च | | | |
| १.१ | पदाधिकारीहरुको पारिश्रमिक तथा सुविधा | | | |
| १.२ | कर्मचारी पारिश्रमिक तथा सुविधा(तलब, भत्ता समेतको) | | | |
| १.३ | कार्यालय सञ्चालन सम्बन्धी खर्च | | | |
| १.४ | मर्मत सम्भार खर्च | | | |
| १.५ | कार्यक्रम खर्च | | | |
| १.६ | अन्य सेवा शुल्क | | | |
| १.७ | सेवा र परामर्श खर्च | | | |
| १.८ | अनुगमन तथा मूल्यांकण खर्च | | | |
| १.९ | भ्रमण खर्च | | | |
| २. | अन्य भाडा | | | |
| २.१ | पानी विजुली | | | |
| २.२ | संचार महशुल | | | |
| २.३ | कर्मचारी तालिम | | | |
| २.४ | अन्य भत्ता | | | |
| २.५ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठीसम्बन्धी खर्च | | | |
| २.६ | विविध कार्यक्रम खर्च | | | |
| २.७ | विमा खर्च | | | |
| २.८ | घर भाडा | | | |
| २.९ | ईन्धन खर्च | | | |

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

| | | | | |
|---|---|---|---|---|
| ३. | ईन्धन अन्य प्रयोजन | | | |
| ३.१ | ऋणमा ब्याज भुक्तानी | | | |
| ३.२ | जग्गाको भाडा | | | |
| ३.३ | अन्तर स्थानीय तह वित्तीय हस्तान्तरण/अनुदान | | | |
| ३.४ | विविध खर्च | | | |
| ३.५ | पूँजिगत खर्च | | | |
| ३.६ | जग्गा खरिद | | | |
| ३.७ | भवन निर्माण/खरिद | | | |
| ३.८ | फर्निचर तथा फिक्चर | | | |
| ३.९ | सवारी साधन | | | |
| ४. | मेशिनरी औजार | | | |
| ४.१ | पुंजीगत सुधार खर्च भवन | | | |
| ४.२ | पुजीगत सुधार खर्च सार्वजनिक निर्माण | | | |
| ४.३ | पूँजिगत अनुसन्धान तथा परामर्श | | | |
| ४.४ | अन्य | | | |
| ४.५ | वित्तिय व्यवस्था भुक्तानी | | | |
| | जम्मा | | | |
| **बजेट बचत (+)/न्यून (-)** | | | | |
| | **खुद ऋण लगानी** | | | |
| | आन्तरिक | | | |
| | वाह्य | | | |
| | **गत वर्षको मौज्दात** | | | |
| | कुल जम्मा | | | |

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

अनुसुची २
(दिग्दर्शनको दफा ५.२.१ सँग सम्बन्धित
................. नगरपालिका
राजस्व परामर्श समितिको प्रतिवेदन, .....................

क) पृष्ठभुमी
ख) राजस्व मौजुदा अवस्थाको विश्लेषण
ग) राजस्वका नीतिहरु
घ) करका आधारहरु
ङ) आगामी आ.व.को लागि प्रस्तावित कर तथा गैरकर राजस्व दर

| सि.नं. | राजस्वका क्षेत्रहरु | चालु आर्थिक वर्षको दर | प्रस्तावित दर | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

च) आगामी आ.व.को लागि अनुमानित कर तथा गैर कर राजस्व रकम

| सि.नं. | राजस्वका क्षेत्रहरु | गत आ.व.को यथार्थ रकम | चालु आ.व.को संशोधित अनुमान | आगामी आ.व.को अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

छ) निष्कर्ष तथा सुझावहरु

.
(....................................)
संयोजक
सदस्य.................
सदस्य..................................

आठविसकोट नगरपालिका, रुकुम(पश्चिम)

अनुसुची ३
(दिग्दर्शनको दफा ५.२.४ सँग सम्बन्धित)

आयोजनाका प्राथमिकिकरणका आधारहरु तथा प्राथमिकता निर्धारण फारम

**(क) आयोजना प्राथमिकिकरणका आधारहरु**

१. गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने आयोजनाहरु (२० अंक)
क) प्रत्यक्ष योगदान पुऱ्याउने -२० अंक
ख) अप्रत्यक्ष योगदान पुऱ्याउने -२० अंक
ग) तटस्थ -५ अंक

**२) उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने आयोजनाहरु (१५अंक)**
क) चालु आ.व मा नै सम्पन्न हुने -१५ अंक
ख) आगामी आ.व. मा सम्पन्न हुने -१० अंक
ग) अन्य -५ अंक

**३) आम्दानी र रोजगार बृद्धि गर्ने आयोजनाहरु(१५ अंक)**
क) प्रत्यक्ष योगदान पुऱ्याउने -१५ अंक
ख) अप्रत्यक्ष योगदान पुऱ्याउने-७.५ अंक
ग) तटस्थ -०

**४) लागत सहभागिता जुट्ने आयोजनाहरु (१५ अंक)**
क) ५०५ वा सो भन्दा बढी लागत सहभागिता हुने -१५
ख) २०५ देखि ५०५ सम्म लागत सहभागिता हुने -१० अंक
ग) २०५ सम्म लागत सहभागिता हुने -५ अंक
घ) लागत सहभागिता नहुने-०

**५) स्थानिय स्रोत साधन र सीपको प्रयोग हुने आयोजनाहरु(१० अंक)**
क) आयोजनाहरुलाई आवश्यक पर्ने सवै स्रोत साधन स्थानिय तहमा उपलब्ध हुने अंक-१० अंक
ख) आयोजनाहरुलाई आवश्यक पर्ने ५०५ सम्म स्रोत साधन स्थानिय तहमा उपलब्ध हुने अंक -७.५ अंक
ग) अन्य -५ अंक

**६) समावेशी विकासमा योगदान पुऱ्याउने आयोजनाहरु( १०अंक)**
क) प्रत्यक्ष योगदान पुऱ्याउने -१० अंक
ख) अप्रत्यक्ष योगदान पुऱ्याउने -५ अंक
ग) तटस्थ -० अंक

**७) दिगो विकास र वातावरणीय संरक्षण गर्ने आयोजनाहरु (१० अंक)**
क) प्रत्यक्ष योगदान पुऱ्याउने -१० अंक
ख) अप्रत्यक्ष योगदान पुऱ्याउने -५ अंक
ग) तटस्थ -० अंक

**८) स्थानिय भाषिक, साँस्कृतिक विकास गर्ने आयोजनाहरु (५ अंक)**
क) प्रत्यक्ष योगदान पुऱ्याउने -५ अंक
ख) अप्रत्यक्ष योगदान पुऱ्याउने -३ अंक
ग) तटस्थ-० अंक

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

ख) आयोजनाको प्राथमिकताक्रमको निर्धारण फारम

| क.सं | आयोजनाको नाम | गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने(२० अंक) | उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने (१५ अंक) | आम्दानी र रोजगार बढ्ने (१५ अंक) | लागत सहभागिता जुट्ने | स्थानिय स्रोत साधन र सीपको प्रयोग(१० अंक) | समावेशी विकासमा योगदान (१० अंक) | दिगो विकास र वातावरणीय संरक्षण (१० अंक | स्थानिय भाष्कि सांस्कृतिक विकास (५ अंक) |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |

नोट : आयोजनाहरुको प्राथमिकताक्रम निर्धारण गर्दा सवैभन्दा बढी अंक प्राप्त गर्ने आयोजनालाई पहिलो प्राथमिकताक्रम निर्धारण गर्नुपर्नेछ ।

| क्र.सं. | अंक भार | प्राथमिकता नं. |
|---|---|---|
| १ | ८० अंक भन्दा बढी प्राप्त भएमा | १ |
| २ | ६० देखि ८० अक प्राप्त भएमा | २ |
| ३ | ६० अंक भन्दा कम प्राप्त भएमा | ३ |
| ४ | ५० अंक भन्दा कम प्राप्त भएमा | न्युन प्राथमिकता |

नोटः यसरी योजना छनौट गर्दा पहिलो प्राथमिकतामा परेको योजनाहरु छनौट गर्ने । रकम उपलब्ध भएसम्म प्राथमिकता २ र ३ स्वीकृत गर्न सक्नेछ ।

आठविसकोट नगरपालिका, रुकुम(पश्चिम)

अनुसुची ४
(दिग्दर्शनको दफा ५.४ सँग सम्बन्धित)
.................नगरपालिका
वडा नं ...............

आयोजनाको प्राथमिकिरण सुची , २० ...

क) निर्धारित वडागत वजेट सिमा भित्रका आयोजनाको लागि

| प्राथमिकता क्रम | आयोजनाको नाम | आयोजना संचालन हुने स्थल | अनुमानित लागत | कार्यान्वयन विधि | लाभान्वित जनसंख्या | आवधिक योजनाको रणनीतिसँग सम्बन्धि |
|---|---|---|---|---|---|---|
| आर्थिक विकास | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| सामाजिक विकास | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| पुर्वधार विकास | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| वातावरण तथा विपद व्यवस्थापन समिति | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| सुशासन तथा सस्थागत विकास | | | | | | |

ख) नगरपालिका स्तरिय -नगर गौरवका आयोजना, बहुवर्षिय आयोजनाहरु र दुई वा सो भन्दा बढि वडामा पर्ने आयोजनाहरु

| प्राथमिकता क्रम | आयोजनाको नाम | आयोजना सञ्चालन हुने स्थल | अनुमानीत लागत | कार्यान्वयनविधि | लाभान्वित विधि | लाभान्वित जनसंख्या | आवधिक योजनाका रणनीतिक सँग सम्बन्धित |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |

नोट : क्रमागत आयोजनाहरुको प्राथमिकिकरण सुची आवश्यक पर्ने छैन ।

आठविसकोट नगरपालिका, रुकुम(पश्चिम)

# आय व्ययको विवरण

आ.व.२०७४/७५

अनुसूची-१

रु. हजारमा

| शीर्षक | आ.व. 207२/७३ को यथार्थ | आ.व. 2073/७४ को संशोधित अनुमान | आ.व. 207४/७५ को अनुमान |
|---|---|---|---|
| **आयः** | | | |
| **राजस्वः** | | | |
| आन्तरिक राजस्व | | | |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | | | |
| अन्य आय | | | |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | | | |
| नेपाल सरकारबाट प्राप्त | | | |
| प्रदेश सरकारबाट प्राप्त | | | |
| अन्तर स्थानीय तहबाट प्राप्त | | | |
| **जनसहभागिताः** | | | |
| नगद सहभागिता | | | |
| श्रम तथा वस्तुगत सहायता | | | |
| **व्ययः** | | | |
| चालु खर्च | | | |
| पूँजिगत खर्च | | | |
| | | | |
| **बजेट बचत (+)/न्यून (-)** | | | |
| **वित्तीय व्यवस्था** | | | |
| **खुद ऋण लगानी** | | | |
| ऋण लगानी (-) | | | |
| ऋण लगानीको साँवा फिर्ता प्राप्ती (+) | | | |
| | | | |
| **खुद शेयर लगानी** | | | |
| शेयर लगानी (-) | | | |
| शेयर बिक्रीबाट लगानी फिर्ता प्राप्ती (+) | | | |
| | | | |
| **खुद ऋण प्राप्ती** | | | |
| ऋणको साँवा भुक्तानी (-) | | | |
| ऋण प्राप्ती (+) | | | |
| **अन्तिम बजेट बचत (+)/न्यून (-)** | | | |

**नगरकार्यपालिकाबाट स्वीकृती**
**मितिः** २०७४/१२/२९ र ३०

**प्रमाणिकरण मिति**
२०७५/०२/०५